प्रदेश सरकार
(प्रदेश नं२)
भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

धनुषा, जनकपुरधाम

पत्र सँख्यः २०७७।७८
च.नं.
मितीः२०७७।११।०७

**विषयः** विउ भण्डारण तथा प्रशोधन/स्तरोन्ती सहयोग कार्यक्रम अन्तरगत
विउ ग्रेडिङ्ग/ ट्रिटिङ्ग/प्याकेजिङ्ग जस्ता मेशिन/औजार उपकरण तथा विउ भण्डारण घर अनुदान सम्बन्धी सूचना

**सूचना प्रकाशन मितीः २०७७।११।०७ गते**

यस कार्यालयको आ.व. २०७७।७८को स्विकृत वार्षिक कार्यक्रम अनुसार विउ ब्यवसायी/ कम्पनी/ सहकारीलाई/ विउ भण्डारण तथा प्रशोधन/स्तरोन्ती सहयोग कार्यक्रम अन्तरगत अनुदान प्रवाह गर्ने कार्यक्रम रहेकोले धनुषा जिल्लाका विउ विजनको उत्पादन तथा प्रशोधन कार्यमा संलग्न कानून बमोजिम दर्ता भएका तपसिलका आधारहरु पुरा गरेका इच्छुक विउ ब्यवसायी/ कम्पनी/ सहकारीहरुवाट विउ भण्डारण तथा प्रशोधन/स्तरोन्ती सहयोग कार्यक्रमको लागी आवेदकले माग गरेको अनुदान प्रतिशत र आफनो लगानी सहभागीता साथ विउ प्रशोधन (मेशिनरी औजार उपकरणको नाम तथा क्षमता) तथा भण्डारण कार्यको लागी आवश्यक भौतिक पूर्वाधार (लागत अनुमान तथा नक्शा डिजाइन) लगायतको विवरण स्पष्ट खुलाई ब्यहोरा प्रमाणित गर्ने आवश्यक कागजात प्रमाणहरु संलग्न गरी यो सूचना प्रकाशित भएको मितीले १५ दिन भित्र आवेदन/प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

<u>तपसिलका आधारहरुः</u>

१) प्रचलित कानून बमोजीम विधिवत विउ विजन उत्पादन तथा ब्यवसायमा संलग्न भई फर्म दर्ता भएका ब्यवसायी/कम्पनी/सहकारी र विउ विजनको उत्पादन प्रशोधन तथा विक्रि वितरण कार्यको कम्तीमा पनि ३ वर्षको अनुभव प्राप्त गरेको।कम्तीमा पछिल्लो २ आ.व.मा सरकारी निकायवाट स्रोत विउ वितरण गरी संचालित विज बृद्धी कार्यक्रमवाट उत्पादित विउको खरिदी तथा भण्डारण/प्रमाणीकरण गराई कृषक स्तरमा विक्रि वितरण गरेको।

२) संचालित विज बृद्धि कार्यक्रमको खडा वाली अवस्थामा विउ विजन ऐन तथा नियमावली अनुसार विउ निरिक्षकवाट विउ वाली खेत निरिक्षण गराएको हुनु पर्ने।

३) आफुले संचालन गराएको विजबृद्धिको विउ उत्पादक कृषकवाट खरिद गरेको तथा खरिद गरेको उक्त विउ परिक्षण तथा प्रमाणीकरण प्रक्रिया पुरा गरी गुणस्तर प्रमाण पत्र प्राप्त गरी पूनः विक्रि वितरण गरेको हुनु पर्ने।

४) विगत दुई वर्षको कारोवार (मूल विउ खरिद तथा विभिन्न स्तरको उत्पादित विउको विउ चक्र सम्बन्धी अभिलेख) तथा लेखा परिक्षण प्रतिवेदन हुनु पर्ने।

कार्यालय प्रमुख